मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ५२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ पुस २४ गते शुक्रवार (Friday, January 8. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु : ४/-

**मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं।
- यही मिति २०७७ पौष २६ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा

फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

# बर्डफ्लू भित्रिन नदिन 'उच्च सतर्कता'

**झापा, पुस २३।** कृषि तथा पशुपंक्षी मन्त्रालयले बर्डफ्लू सम्बन्धी उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

भारतका विभिन्न स्थानमा बर्डफ्लू सङ्क्रमण पुष्टि भएसँगै विशेषगरी तराईका क्षेत्रमा उच्च सतर्कता आपनाउन मन्त्रालयले आग्रह गरेको हो । मन्त्रालयले मातहतका सातवटा सीमा नाका कार्यालयलाई बुधबार पत्र पठाउँदै उच्च सतर्कता अपनाउन निर्देशन दिएको हो।

मन्त्रालयका प्रवक्ता डा. श्रीराम घिमिरेले कुखुराजन्य वस्तुको आयातमा रोक लगाउँदै उच्च सतर्कता अपनाउन नाकामा रहेका क्वारेन्टाइन कार्यालयलाई निर्देशन दिइएको जानकारी दिए।

नेपालमा भारतको हिमाञ्चल प्रदेशबाट बर्डफ्लू भित्रिने सम्भावना उच्च रहेको छ। सङ्क्रमणलाई ध्यानमा राख्दै केही समय हिमाञ्चलसँगै भारतबाट भित्रिने कुखुराजन्य प्रजातिका वस्तुको आयातमा रोक लगाइएको हो- उनले भने।

उनका अनुसार सीमा नाका कार्यालयसँगै



मन्त्रालयले तराईका केही जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई उच्च सतर्कता अपनाउन समेत आग्रह गरेको छ। खुला सीमानाका हुँदा सीमाभन्दा बाहिरबाट समेत कुखुरा भित्रिने सम्भावना उच्च रहेको छ, बर्डफ्लू नियन्त्रण आदेशको अधिकार प्रयोग गरेर प्रमुख जिल्ला अधिकारीलाई सम्पर्कमा बस्न आग्रह गरिएको हो- उनले भने- लुकाएर ल्याइएका कुखुरा नष्ट गर्ने, कुखुरा ल्याउनेलाई कारवाहीको सम्पूर्ण अधिकार जिल्लाका प्रमुखलाई रहन्छ।

मन्त्रालयले काँकरभिट्टा, वीरगञ्ज, भैरहवा, कृष्णनगर, नेपालगञ्ज, कैलाली तथा गड्डाचौकी नाका, प्रमुख जिल्ला अधिकारीलाई उच्च सतर्कता अपनाउन र आवश्यक परे प्राविधिक तथा अन्य स्रोतसाधनको प्रयोग र थप जनशक्ति माग गर्न विशेष निर्देशन दिएको हो। मन्त्रालयले भारतबाट कुखुरा आयात गर्ने व्यवसायीलाई समेत उच्च सतर्कतामा रहन आग्रह गरेको छ।

नेपालमा बर्डफ्लू सङ्क्रमण भित्रिन नदिन केही समय कुखुरा आयातमा रोक लगाइएको जनाउँदै व्यवसायीलाई समेत सतर्कता अपनाउन आग्रह गरिएको प्रवक्ता घिमिरे जानकारी दिए।

मन्त्रालय अन्तर्गत देशभर १६ पशु क्वारेन्टिन कार्यालय छन्। देशभर कतै ठूलो परिमाणमा कुखुरा मरे वा शङ्कास्पद लक्षण देखिए तुरुन्त मन्त्रालय वा नजिकैको कार्यालयमा सम्पर्क गर्न पनि मन्त्रालयले कृषकलाई आग्रह गरेको छ। भारतको मध्यप्रदेश, केरला, राजस्थान र हिमाञ्चल प्रदेशमा बर्डफ्लू पुष्टि भएको बताइएको छ।

### नेकपाको दाहाल–नेपाल समूह

## झापामा संघर्ष समिति रवीनको नेतृत्वमा



**बिर्तामोड, पुस २३।** नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को दाहाल-नेपाल समूहले झापामा पनि संघर्ष समिति गठन गरेको छ।

संसद विघटन गर्ने प्रधानमन्त्री केपी ओलीविरुद्ध संघर्ष चर्काउन नेपाल कम्युनिष्ट पार्टी(नेकपा)को दाहाल-नेपाल समूहले झापामा संघर्ष समिति गठन गरेको हो।

नेकपा झापाका इन्चार्ज रवीन कोइरालाको नेतृत्वमा संघर्ष समिति गठन भएको छ। सरकार विरुद्धको आन्दोलनलाई वडा तहसम्म पुऱ्याउन संघर्ष समिति गठन भएको नेकपाले जनाएको छ। समितिको सह संयोजकमा केन्द्रीय सदस्य धर्मशीला चापागाई छिन् भने नेकपा झापाका सचिव बिजय साङ्पाङ सदस्य सचिव रहेका छन्।

पार्टीको केन्द्रीय समितिले तय गरेका आन्दोलनका कार्यक्रमलाई तल्लो तहसम्म पुऱ्याउने गरी संघर्ष समितिले काम शुरु गरिसकेको जनाइएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गरेपछि नेकपा विभाजनको अवस्थामा छ।

## श्रीमतीको हत्या, श्रीमान झुण्डिए

**पाँचथर, पुस २३।** आफ्नै श्रीमतीको बञ्चरो प्रहार गरी हत्या गरेर फरार रहेका एक व्यक्ति झुण्डिएको अवस्थामा मृत फेला परेका छन्।

पाँचथरको हिलिहाङ-५ सुभाङका ३२ वर्षीय धनकुमार उभरकोटी घरबाट करिब तीन किलोमिटर पूर्व जङ्गलमा झुण्डिएको अवस्थामा फेला परेका हुन्। गत पुस ९ गते मध्यरात श्रीमती ३० वर्षीया दुर्गादेवी उभरकोटीको टाउकोमा बञ्चरो प्रहार गरी हत्या गरेपश्चात् फरार रहेका उनी बुधबार गाउँकै जङ्गलमा झुण्डिएर मृत फेला परेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ।

पाल्ते (कटुस)को रुखमा प्लास्टिकको डोरीले पासो लगाई झुण्डिएको अवस्था स्थानीयवासीले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए।

शव गन्हाउने भएकाले करिब एक हप्ताअघि नै उनले आत्महत्या गरेको हुनसक्ने स्थानीयवासीले अनुमान गरेका छन्। फिदिमस्थित पाँचथर जिल्ला अस्पतालमा शव परीक्षण गरिएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ।

गत पुस ९ गते मध्यरात धनबहादुरले टाउकोमा बञ्चरोले प्रहार गर्दा दुर्गादेवीको मृत्यु भएको थियो। घटनापछि फरार धनबहादुरलाई प्रहरीले खोजी गर्दै आएको थियो।

उता ६ वर्षीया बालिकालाई बाल यौन दुर्व्यबहार गरेको अभियोगमा पाँचखाल नगरपालिका-१२ बालुवा बस्ने ५४ वर्षीय प्रेम लामालाई प्रहरीले पक्राउ गरेको छ। उक्त खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय काभ्रेबाट खटिएको प्रहरीले लामालाई पक्राउ गरी आवश्यक अनुसन्धान गरिरहेको छ।

## तीन किशोरीको उद्धार

**इलाम, पुस २३।** भारत लैजाने क्रममा रहेका तीन किशोरीको उद्धार गरिएको छ। पूर्वी इलामको प्रमुख सीमावर्ती नाका पशुपतिनगरबाट माइती नेपाल, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले उनीहरूलाई उद्धार गरेको हो।

सङ्खुवासभा मकालु गाउँपालिकाका १५/१६ वर्षका ती किशोरीलाई गाडीमा राखेर भारत लैजान लाग्दा प्रहरीले सोधपुछ गरेको थियो। उनीहरूलाई जागिरको प्रलोभनमा पारेर लैजाँदै गरिएको खुलेपछि मंगलबार उद्धार गरिएको माइती नेपाल पशुपतिनगरका होम खतिवडाले जानकारी दिए।

सङ्खुवासभा घर भई हाल काठमाडौं बस्दै आएकी लाचेन शेर्पाले ती किशोरीलाई काठमाडौंमा जागिर लगाइदिने आश्वासन दिँदै एक हप्ता काठमाडौं लगेर राखेको अनुसन्धानका क्रममा खुलेको बताइएको छ। शेर्पाले भारतस्थित दार्जीलिङमा काम खोजिदिएको र महिनाको रु. नौ हजार तलब हुने जनाउँदै एक व्यक्तिलाई फोन गरेर बोलाएर उनकै साथमा दार्जीलिङ पठाएको सोधपुछका क्रममा खुलेको छ।

उद्धार गरिएका तीनै किशोरीको परिवारलाई बोलाएर जिम्मा लगाइएको जनाइएको छ।

### फरार प्रतिबादी पक्राउ

**मोरङ, पुस २३।** ठगी तथा किर्ते मुद्दाका फरार तीन जना प्रतिवादी पक्राउ परेका छन्।

पक्राउ पर्नेमा सुनवर्सी-२ अमरदह बस्ने ५० वर्षीय गोबिन्दबहादुर श्रेष्ठ तथा वन (चोरी) तथा रजनी डाँका चोरी मुद्दाका फरार प्रतिवादी रंगेली-४ चोप्राह बस्ने ६३ वर्षीय भोटोप्रसाद मण्डल र सोही ठाउँ बस्ने ५५ वर्षीय वनारसी मण्डललाई प्रहरीले पक्राउ गरेको हो।

उनीहरुलाई आवश्यक कारवाहीको लागि जिल्ला अदालत मोरङमा बुझाइने जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## झुटो विवरण पेश गरी नागरिकता

**सुनसरी, पुस २३।** स्याङ्जा घर भएकी एक महिलाले धरान उपमहानगरपालिका-९को बासिन्दा बनेर झुटो विवरण पेश गरी नागरिकता लिएको पाइएको छ।

स्याङ्जाको वालिङ-३ घर भएकी मञ्जु क्षेत्रीले वि.सं. २०७५ माघ ८ गते धरान-९ बाट नागरिकता लिएको पाइएको हो। उनलाई अर्घाखाँचीका गोपाल सेजुवालले बुबा बनेर नागरिकता दिलाएको पाइएको प्रहरीले जनाएको छ। वडाध्यक्ष रत्न कटुवाललाई झुक्याएर सेजुवालले धरान-९को बासिन्दा मञ्जु आफ्नी छोरी भएको कागज बनाएर सिफारिस लिएको पाइएको छ।

स्याङ्जा प्रहरीले ती महिलालाई पक्राउ गरेपछि यस्तो रहस्य सार्वजनिक भएको हो। वडा नं. ९ का बासिन्दा बनेर मञ्जुलाई नागरिकता दिलाएका सेजुवाल हाल जापानमा रहेका छन्। छोरी बनाएर जापान लान उनले मञ्जुको नागरिकता बनाएको खुलेको छ।

इलाका प्रहरी कार्यालय धरानका प्रहरी नायब उपरीक्षक ज्ञानेन्द्रबहादुर बस्नेतका अनुसार झुटो विवरण पेश गरेर नागरिकता निकालिएको कारण ठूलो रकम खर्च गरेको हुनसक्ने बताए। ती महिला पक्राउ परेपछि स्याङ्जा प्रहरीले नागरिकता सिफारिस गर्ने धरान-९का वडाध्यक्ष कटुवाललाई पनि अनुसन्धानको दायरामा ल्याउन इलाका प्रहरी प्रहरी कार्यालयसँग समन्वय गरेको प्रहरी नायब उपरीक्षक बस्नेतले जानकारी दिए।

यस विषयमा यहाँका वडाध्यक्ष कटुवाललाई सोधपुछ गर्ने तयारी गरिएको प्रनाउ बस्नेतले जानकारी दिए। हामी उहाँसँग सम्पर्क गर्न खोजिरहेका छौं- प्रनाउ बस्नेतले भने- अर्घाखाँचीको सेजुवालले सुनसरीबाट नागरिकता बनाइदिन्छु भनेर ल्याएछन्। यहाँ झुट्टा विवरण पेश गरेर नागरिकता बनाएको पाइयो, थप कुरा अध्यक्षसँग सम्पर्क गरेपछि खुल्नेछ।

अनुसन्धानको क्रममा नागरिकता धरानबाट झिकेको खुलेपछि स्याङ्जा प्रहरीले पक्राउ परेकी महिलासहित यो मुद्दा जिल्ला प्रहरी कार्यालय सुनसरीमार्फत धरान प्रहरीलाई जिम्मा दिएको छ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## दशकपछि कृषि थोकमा निर्वाचन

**बिर्तामोड, पुस २३।** पटक-पटक देशकै उत्कृष्ट बजारका रुपमा पुरस्कृत भएको बजार हो- कृषि उपज थोक बजार बिर्तामोड।

तर, यही बजारमा दशकदेखि व्यवस्थापन समिति नहुँदा बजारको दीर्घकालीन विकासका लागि कुनै ठोस् कार्य हुन सकेको छैन। कर्मचारीको भरमा सञ्चालित कृषि थोक २०६७ सालबाट नेतृत्वविहीन भएको थियो। बजारको नेतृत्व चयनका लागि पटक-पटक प्रयास गरिए पनि सफल हुन नसक्दा कृषि थोक वजार नेतृत्वविहीन थियो।

यो बजार झापाकै ठूलो कृषि उपज बजारका रुपमा समेत परिचित छ। यो बजारको नेतृत्व चयनका लागि दश वर्षपछि २४ गते शुक्रवार र २५ गते शनिवार निर्वाचन हुन लागेको हो।

२४ र २५ गते हुने निर्वाचनले किसानबाट-३ र व्यवसायीबाट- ३ जना प्रतिनिधि छनौट गर्ने भएको छ। कृषि उपज थोक बजार बिर्तामोडको सञ्चालक समितिमा वडाध्यक्ष राजेन्द्र लिङ्देन पदेन सदस्य रहनेछन्। किसानको २४ र व्यवसायीतर्फको २५ गते निर्वाचन हुने स्थानीय व्यवसायीले जानकारी दिए।



बिर्तामोड, मेचीनगर, बुद्धशान्ति, अर्जुनधारा, कनकाई, बाह्रदशी, हल्दिबारी र भद्रपुरका किसानले तीन जना किसान तर्फकै सदस्य छान्न पाउने छन्। हरेक पालिकाका किसानहरुबाट ५ जना प्रतिनिधिले नेतृत्व छान्न मतदान गर्न पाउने व्यवस्था रहेको छ। यस्तै, ३ जना व्यवसायी सदस्य छान्नका लागि कृषि थोकमा नवीकरण गरिसकेका २ सय ५६ जनाले मतदान गर्नेछन्।

दशकदेखि नेतृत्व नहुँदा दैनिक लाखौं रुपैयाँभन्दा बढीको तरकारी कारोबार हुने तरकारी तथा फलफूल बजारमा विकृति मौलाएको जनगुनासो बढ्दै गएको छ।

बिर्तामोड नगरपालिका-५ मा रहेको ३ बिगाहा १९ कट्ठा जमिनमा अवस्थित कृषि बजारमा खुद्रा तथा थोक विक्रेता गरी ३ सय २ वटा पसल सञ्चालनमा छन्। पसल अगाडि नै सवारी ल्याएर रोकिदिने, कृषिथोक बजार भनेको ठाउँमा कृषिका मात्र होइन, अन्य सामग्री पनि राखिदिने गर्नाले समस्या बढेको बताउँछन्।

विशुद्ध कृषि उपजमात्र बेच्न पाउने भनिएको यो क्षेत्रमा कृषि उपज बाहेकका अन्य सामानहरु पनि खुलमखुल्ला किनबेच भइरहेको छ। कृषि उपज थोक बजार सञ्चालक समितिले यसको नियन्त्रण गर्न सकेको छैन।

कृषिजन्य वस्तु बाहेक फलाम, कपडा, प्लास्टिक, जुत्ताचप्पल, श्रृंगार प्रशाधनका सामान आदिको व्यापार भइरहेको छ। व्यवसायीका अनुसार बजारको व्यवस्थापन गर्ने संस्थाको लापरवाही र निरीहताका कारण समस्या बढेको हो। अर्को समस्या कृषिथोक बजार छिर्ने गेटमा प्रवेश गर्न नपाउँदै बाटै छेक्ने गरी व्यवसायीले पसल थापेका हुन्छन्।

**कृषिथोक बजार व्यवस्थापन समिति**
**बिर्तामोड-५, झापाको**

**सूचना ! सूचना !! सूचना !!!**

**मितिः २०७७।०९।२३**

यस कृषि थोक बजार व्यवस्थापन समिति बिर्तामोडको कार्यक्रम अनुसार मिति २०७७ पुस २४ गते कृषि सदस्य प्रतिनिधिको बिहान ११ बजेदेखि ३ बजेसम्म र २५ गते कृषिथोक बजारस्थलभित्र व्यवसाय गरिरहेका व्यवसायी सदस्य प्रतिनिधिको निर्वाचन विहान ८ बजेदेखि ३ बजेसम्म र सोही दिन अध्यक्षको समेत सोसियोमेट्रिक विधिबाट निर्वाचन श्री देवी मावि बिर्तामोडमा हुन गइरहेकोले उक्त निर्वाचनमा सहभागी भई मतदान गर्न सम्बन्धित सबै मतदाताहरुमा यो सूचना जारी गरिएको छ।

**कृषि उपज बजार व्यवस्थापन**
**तदर्थ समिति, बिर्तामोड, झापा**

**जग्गा बिक्रीमा**

बिर्तामोड चोकबाट उत्तर पश्चिम १० मिनेटमा हिँडेर पुगिने उत्तरतर्फ बाटो भएको अति उत्तम ४ कठ्ठा र डाक्टर कोलोनीमा ३ कठ्ठा जग्गा तुरुन्त बिक्रीमा छ।

**सम्पर्कः ९८२४९८२२७६, ९८४२०२६४६५**

**पायल्स तथा फिस्टुला समस्याको सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा पुस २४ गते शुक्रबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासु पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ।

**माता मनकामना आयुर्वेद क्लिनिक**
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

**मानिस हराएको सूचना**



**सुकबहादुर लिम्बू** नाम गरेको, बर्ष ४० को, ५.७ उचाई भएको, कालो बर्णको मानिस २०७७ पुस २१ गते रातको ९:३० बजे माई नगरपालिका-२स्थित घर जान्छु भनी कनकाई नगरपालिका प्रजापतिबाट हिंडेको तर अहिलेसम्म सम्पर्कमा नआएको कारणले भट्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न नम्बर**९८६७०५५९०३** मा सम्पर्क गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं।

**पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिवर्तन**

पहिले ०२३-५४१००२/ ५४००४४

अहिले ०२३-५३१००२/ ५३००४४

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार। **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

# चारपाने साना किसानको सभा

**बिर्तामोड, पुस २३।** चारपाने साना किसान कृषि सहकारी संस्थाको सातौ वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनले युवा सूर्यप्रसाद रिजालको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्य समिति चयन गरेको छ ।

संस्थाको चारपानेमा आयोजित साधारणसभाले उपाध्यक्षमा सरिता ओली र सदस्यमा महेन्द्रकुमार राजवंशी, कृष्णप्रसाद ढकाल, कोपिला भट्ट, समिरा घिमिरे (बजगाँई), निर्मला रिजाल, भरत बस्नेत, झुमादेवी कँडेल, तुलसा संग्रौला र निरा रिजाल (मिश्र)लाई चयन गरेको छ ।

त्यस्तै लेखा समितिको संयोजकमा राजेन्द्र खरेल तथा सदस्यमा रेञ्जु मैनाली र झुमा पाठक चयन भएका छन् । संस्थाकी अध्यक्ष जानुकादेवी सञ्जेलको अध्यक्षतामा भएको कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्थाका प्रवन्धक सुवास गौतमको प्रमुख आतिथ्य रहेको थियो ।

आर्थिक बर्ष २०७६/०७७ मा ७२ जना थप गरी संस्थामा ७ सय ३६ जना शेयर सदस्य रहेको अध्यक्ष सञ्जेलद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ । संस्थाको शेयरपुँजी ४९ लाख ५० हजार रहेको छ भने यस आ.व.मा समूह बचत, ऐच्छिक बचत, ग्राहक सुरक्षण बचत जस्ता खाताहरुमा कारोवार भएको जनाइएको छ ।



यस आ.व.मा निक्षेप ६६ लाख ९५ हजार १ सय ४५ रुपैयाँ ८३ पैसा भएकोमा ५९ लाख ५ हजार ८ सय ७६ रुपैयाँ ९० पैसा फिर्ता भई ९८ लाख २२ हजार १ सय ३९ रुपैयाँ ९३ पैसा बचत कायम रहेको प्रतिवेदनमा उल्लेख छ। यस आवमा २ करोड ९ लाख ३८ हजार ६ सय ३९ रुपैयाँ लगानीमा रहेको छ भने आव २०७३/०७४ देखि पशुधन सुरक्षण उपसमिति गठन गरी गाई, भैसी, राँगा, बाच्छाबाच्छी, पाडापाडीको बिमा शुरु गरी २५ लाख रुपैयाँ बराबरको पशुधन सुरक्षण गरेको प्रतिवेदनमा छ । कोरोना भाइरस महामारीलाई मध्येनजर राख्दै सदस्यलाई प्रतिवेदन दिएर उनीहरुका सल्लाह सुझावका आधारमा साधारणसभा गरिएको अध्यक्ष सञ्जेलले जानकारी दिइन् ।

कार्यक्रममा संस्थाका सल्लाहकार समितिका पदाधिकारीहरुलाई मायाको चिनोसहित सम्मानपत्रले सम्मान गरिएको थियो । त्यस्तै संस्थाका कर्मचारी मुना अधिकारी र कमला भट्टराई (दाहाल) लाई समेत सम्मान गरिएको थियो ।

कार्यक्रममा सल्लाहाकार समिति संयोजक भवानीप्रसाद ओली, सदस्य देवीप्रसाद गिरी र प्रमुख अतिथि गौतमले शुभकामना मन्तव्य राखेका थिए । स्वागत संस्थाका उपाध्यक्ष सूर्यप्रसाद रिजालले गरेको कार्यक्रमलाई सस्थाका सञ्चालक समिति सदस्य लक्ष्मण दाहालले सञ्चालन गरेका थिए ।

## झुटो ...

ती महिला ३४ वर्षकी भएको खुलेको तर वि.सं. २०५५ को जन्मदर्ता गरेर दुई वर्षअघि २० वर्ष उमेरको नागरिकता लिएको पाइएको छ । जापानमा रहेका सेजुवालसँग फेसबुकमा चिनजान भएको र छोरी बनेर जापान जाने भनेर धरानबाट नागरिकता निकालेको हालसम्मको प्रहरी अनुसन्धानबाट खुलेको प्रहरी नायब उपरीक्षक बस्नेतले जानकारी दिए । सेजुवाल दुई वर्षअघि जापानबाट नेपाल आएर धरान-९को बासिन्दा भई मञ्जुलाई नागरिकता निकालिदिएको खुलेको छ ।

नागरिकता निकालीदिएर उनी पुनः जापान फर्किएका थिए । ती युवती भने जापान जान प्रक्रिया मिलाउने क्रममा प्रहरीको फन्दामा परेकी हुन् । उनको वास्तविक उमेरभन्दा कम उमेर नागरिकतामा देखिएपछि उनी शङ्काको घेरामा परेकी हुन् । नागरिकता सिफारिस गर्ने वडाध्यक्ष कटुवाललाई प्रहरीले खोजी गरिरहेको छ । कटुवाल भने सम्पर्कमा नभएको बताइएको छ । गोपाल सेजुवाल नाम गरेको व्यक्ति आफ्नो वडामा अहिलेसम्म नभएको र घटनाबारे केही थाहा नभएको ९ नं. वडाका सदस्य मनोज राउतले बताए ।


## श्री कनकाई माध्यमिक विद्यालय

कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)

## पुरानो भवन भत्काउन (डेमोलिस) का लागि दरभाउ सम्बन्धी सार्वजनिक सूचना

**प्रथमपटक प्रकाशित मिति : २०७७/०९/२३**

यस विद्यालयमा नमूना विद्यालय विकास कार्यक्रम अन्तर्गत नयाँ शैक्षिक भवन निर्माणका लागि देहाय बमोजिमको २०३२ सालमा स्थापना गरिएको जीर्ण भवन भत्काउनुपर्ने भएकाले सो सम्बन्धमा कनकाई नगरपालिकाबाट विस्तृत मूल्यांकन प्रतिवेदन (डीएआर) सहित स्वीकृति प्रदान गरिएकाले भत्काउनका लागि पूर्ण सुरक्षित तवरबाट न्यूनतम् मूल्यमा काम गर्ने कुरा उल्लेख गरी गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्न सार्वजनिक सूचना गरिएको छ ।

**भवनको विशेषता :** १. निर्माण साल : २०३२ २. भवनको प्रकार : भारवहन ३. फुटिङ गहिराइ : २.५ फिट ४. पर्खालको आकार : १० इञ्च

गोप्य शिलबन्दी दरभाउपत्रका लागि फाराम विद्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति :** २०७७ साल पुस २८ गते दिनको १:०० बजेसम्म ।

थप जानकारीका लागि विद्यालयमा उपस्थित भई बुझ्न सकिनेछ ।

**सम्पर्क : ०२३-५५०१२५/९८४२७११३३७/९८५२६५०१२५**

**दरभाउपत्रसँग पेश गर्नुपर्ने आवश्यक कागजात :**

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. पान वा भ्याट प्रमाणपत्रको प्रतिलिपि
४. लेखा फाँटमा रु. १००/- तिरेको नगदी रसिद

*नोट : गोप्य शिलबन्दी दरभाउपत्र २०७७ साल पुस २८ गते बेलुका २:३० बजे खोलिनेछ ।*

**कर्णबहादुर डाँगीः प्रधानाध्यापक**

## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा (प्रदेश नं १, नेपाल) को

मिति : २०७७/०९/२३

## बोलपत्र प्रस्ताव स्वीकृतिको आशयपत्रको सूचना

यस कार्यालयको मिति २०७७/०८/१४ गते प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावमध्ये न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई प्रस्ताव छनौट गर्ने निर्णय भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । छनौट प्रस्तावविरुद्ध सूचना प्रकाशित मितिले ७ दिनभित्र कुनै प्रस्तावदाताको उजुरी निवेदन पर्न नआएमा उक्त प्रस्ताव छनौट भएको मानी स्वीकृत गरिनेछ ।

**तपसिलः**

| S.N. | Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount including VAT &PS NRs |
|---|---|---|---|---|
| 1 | AM/NCB/WORK S/07-077/78 | Construction Of School Building of Shivanarayan Pra. Vi. | Friends Orbit Construction Services, Kankai-08, Jhapa,Nepal | 24,61,038.76 |
| 2 | AM/NCB/WORK S/08-077/78 | Construction Of School Building Of Baljyoti Pra. Vi. | Friends Orbit Construction Services,Kankai-08, Jhapa,Nepal | 24,92,546.00 |




आयोजक : **बिर्ता अटो वर्क्स प्रा.लि.**, बिर्तामोड, झापा

सर्भिस मेनेजर : ९८०२७८२२५१, सर्भिस एड्भाइजर: ९८४४६०२३२३

## आवासीय वा व्यापारिक प्रयोजनका लागि जग्गा खुद्रा वा एकमुष्ठ विक्रीमा

पूर्वपश्चिम राजमार्गस्थित चारआली चौक(झापा जिल्ला) बाट ८०० मिटर र बिर्तामोडबाट ६ की.मी टाढा इलाम जाने बाटोमा मेची राजमार्ग (मेचीनगर नगरपालिका-१२, साविक धाइजन-६)संग जोडिएको निम्न विशेषता भएको जग्गा विक्रीमा ।

**जग्गाका विशेषताहरु:**

१) चारआली चौक नजिकै मेची राजमार्गसंग जोडिएको बजार उद्योग, व्यापार वा आवासीय प्रयोजनका लागि अति उपयुक्त ।
२) तुरुन्तै घर बनाइ बसोबास गर्न सकिने ।
३) २० फिटको पिच बाटो भएको जग्गा प्लानिङ गरिएको ।
४) कित्ता काट भएको टुक्रा-टुक्रा जग्गा वा एकमुष्ठ करिब ५०० धुर जग्गा आवश्यकता अनुसार खरिद गर्न सकिने ।
५) जग्गा हेरी रु. १ लाख ८० हजारदेखि रु. २ लाख प्रतिधुरमा जग्गा खरिद गर्न सकिने ।
६) बैंक तथा वित्तीय संस्थाबाट जग्गा खरिद गर्न ऋण प्राप्त गर्न सकिने भएको ।

**सम्पर्क: ९८०४९८७३३३, ९८५१०९२२८३, ९८४१४१३९२६**


"इन्द्रै विन्ती गर्न्न झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो आयो टुप्प टिप्यो, लेख्यो मिति पुग्यो टारेर टर्दैन त्यो"

## भावपूर्ण श्रद्धाञ्जलि/कृतज्ञता/निमन्त्रणा




स्व. लावण्यदेवी(अम्बिका) सुवेदी

हाम्री ममतामयी माता **लावण्यदेवी (अम्बिका) सुवेदी**को यही मिति २०७७ पुस १४ गते मंगलवारका दिन भएको असामयिक निधनले हामीलाई अत्यन्त मर्माहत बनाएको छ। यस दुःखद् क्षणमा गतात्माको बैकुण्ठवासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

मृत्यु शाश्वत सत्य एवम् प्राकृतिक नियम भए पनि यो पीडदायी क्षणले परिवारजनलाई असाध्यै ठूलो पीडाबोध गराउँदोरहेछ । यस दुःखको क्षणमा हामीलाई सहानुभूति, समवेदना प्रकट गर्नुहुने तथा बम्हलिन मातालाई भावपूर्ण श्रद्धाञ्जलि प्रकट गर्नुहुने सम्पूर्ण मलामीजनसहित सम्पूर्ण स्वजनप्रति कृतज्ञता ज्ञापन गर्दै यही मिति २०७७ साल पुस २६ गते आइतवारका दिन हुने शुद्धिशान्ति कार्यमा उपस्थितिका लागि सविनय हार्दिक निमन्त्रणा गर्दछौं ।

**विनित**

स्थानः
निजी निवास
अर्जुनधारा-७,
राधाकृष्ण मार्ग, झापा

**ज्येष्ठ पुत्रः गणेश सुवेदी**
**पुत्रबधुः विन्दु सुवेदी**
**कनिष्ठ पुत्रः कुमार सुवेदी**
**पुत्रबधुः निरु सुवेदी**

"इन्द्रै विन्ती गर्न्न झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो आयो टुप्प टिप्यो, लेख्यो मिति पुग्यो टारेर टर्दैन त्यो"

## कृतज्ञतासहित भावपूर्ण श्रद्धाञ्जलि




स्व. प्रभा घले (गुरुङ)

मेरी धर्मपत्नी तथा हाम्री ममतामयी माता भद्रपुर नगरपालिका-४ झापाचोक निवासी **प्रभा घले (गुरुङ)** को ५९ बर्षको उमेरमा यही २०७७ साल मंसीर ५ गते शुक्रबारका दिन असामयिक स्वर्गारोहण भएकाले हामी सबैलाई मर्माहत तुल्याएको छ । उहाँको स्वर्गबास भएको (आज) २०७७ साल पुस २४ गते शुक्रबार ४९औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

साथै यस दुःखद घडीको पीडादायी क्षणमा हामीप्रति सहानुभूति, समवेदना र सान्त्वना दिनुहुने सम्पूर्ण महानुभाव, बन्धुबान्धव, इष्टमित्र, छरछिमेक, कुलकुटुम्ब, नातागोता तथा शुभेच्छुकहरुप्रति हृदयदेखि नै आभारसहित कृतज्ञता ज्ञापन गर्दछौं ।

पति : **रामजी घले (गुरुङ)**

जेठो छोराः बिकास घले गुरुङ
माइला छोरा/बुहारीः बिशाल घले गुरुङ /गंगा तामाङ गुरुङ
कान्छो छोराः बिक्की घले गुरुङ
भदैनीः सरस्वती घले गुरुङ

तथा **समस्त घले (गुरुङ) परिवार**

**भद्रपुर-४, झापाचोक**


## बिर्तामोड उद्योग वाणिज्य संघ झापा

बिर्तामोड, झापाको

## सूचना ! सूचना !! सूचना !!!

गुणस्तर तथा नापतौल कार्यालय भद्रपुर झापाबाट ढकतराजु, डिजिटल काँटा तथा कपडा नाप्ने मिटर आदिको नियमित नवीकरण, जाँच तथा अनुमतिपत्र वितरण गर्नका लागि यस संघको कार्यालयमा डोर टोली आउने भएको हुँदा आफूले प्रयोग गरेका ढक-तराजु, डिजिटल काँटा तथा कपडा नाप्ने मिटर लिई निम्न मिति, समय र स्थानमा उपस्थित भई नापतौल सामग्रीहरु चेकजाँच तथा नवीकरण गर्नु हुन हार्दिक अनुरोध गरिन्छ ।

मिति : २०७७ पुस २६ देखि २९ गतेसम्म
समय : बिहान १०:३० देखि दिनको ३:३० बजेसम्म
स्थान : बिर्तामोड उद्योग वाणिज्य संघको कार्यालय, अतिथि सदन, बिर्तामोड

**भेषराज भण्डारीः** महासचिव **कुमार भट्टराईः** अध्यक्ष

## विशेषज्ञ डाक्टरहरुको सेवा

**डा. सविन मानन्धर**
MBBS (KU) MD (NAMS)
बरिष्ठ बालरोग विशेषज्ञ (दैनिक सेवा)

**डा. सरोज कुमार यादव**
MBBS, MS
जनरल सर्जन युरोलोजी (दैनिक सेवा)

**डा. राजीव कोइराला**
MBBS, MD
जनरल फिजिसियन, दैनिक सेवा

**डा. प्रमोद कुमार शाह**
MBBS, MD (TU)
कन्सलटेन्ट फिजिसियन ) दैनिक सेवाः ८-१० बजे)

**यहाँ अन्य सेवाहरुः** डिजिटल X-Ray, होलोग्रामसहितको मेडिकल, अत्याधुनिक प्रविधिबाट प्याथोलोजी ल्याब सेवा, होलबडी चेकअप, फार्मेसी सेवा

**बुढासुब्बा मेडिकल सेन्टर प्रा.लि.**

शनिश्चरे रोड, पाथीभरा टोल नं. ४ रोड, बिर्तामोड, झापा (०२३-५४१६६२)

झापा जिल्ला सहकारी संघ लि. को

## साधारणसभा सम्बन्धी सूचना

झापा जिल्ला सहकारी संघ लि. को २४औं वार्षिक साधारण सभामा निम्न मिति, स्थान र समयमा सम्पन्न हुने निश्चय भएकोले संघका सदस्य संघ/संस्थालाई पत्राचार भइसकेको र विशेष कारणवश पत्र नपुगेमा यसै सूचनालाई आधारमानी साधारणसभामा उपस्थित भई दिनु हुन अनुरोध छ ।

**तपशिल :**

मिति : २०७७ पुस २९ गते बुधबार
समय : विहान ११:०० वजेदेखि (निर्वाचन कार्यक्रम २:०० बजे बाट )
स्थान : साई पार्टी प्यालेस सिटी सेन्टर, काँकरभिट्टा रोड, बिर्तामोड

**छलफलका प्रस्तावहरु**

१) सञ्चालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षज्यूको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२) लेखा सुपरीवेक्षण समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने ।
३) लेखा परीक्षकको प्रतिवेदनसहितको २०७७ असार मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सम्बन्धमा छलफल गरी पारित गर्ने ।
४) जिल्ला संघको २४ औं वार्षिक साधारणसभाको निर्णयपुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधिहरु चयन गर्ने ।
५) सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने ।
६)विविध ।

**साधारण सभा सम्बन्धी व्यवस्था :**

१) साधारणसभामा भाग लिने प्रतिनिधिले संघ/संस्थाबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्र र जिल्ला प्रतिनिधिको फारम भरी २०७७ पुस २८ गतेभित्र संघको इमेल आई डि. jhapacoops_fed@yahoo.com मा वा संघको बिर्तामोड कार्यालयमा पठाउनु पर्ने छ ।
२) संघले तयार पारेको प्रतिवेदन मिति २०७७ पुस २६ र २७ गते बिहान ११ बजेदेखि ३ बजे सम्म तपशिल बमोजिमको स्थानमा संस्थालाई पायक पर्ने गरी प्रतिवेदन प्राप्त गर्न सकिनेछ ।
३) संघलाई बुझाउनु पर्ने वार्षिक शुल्क अनिवार्य बुझाउनुपर्ने छ ।

**प्रतिवेदन प्राप्त गर्ने स्थान**

क) झापा जिल्ला सहकारी संघको भद्रपुर कार्यालय
ख) झापा जिल्ला सहकारी संघको बिर्तामोड सेवा केन्द्रको कार्यालय
ग) राष्ट्रिय सहकारी बैंक लि.को धुलाबारी शाखा कार्यालय
घ) राष्ट्रिय सहकारी बैंक लि.को दमक शाखा कार्यालय
ङ) शुभलक्ष्मी सहकारी संस्था लि.को गौरादह कार्यालय
३) प्रतिवेदनमा लिखित सुझाव पेश गर्न इच्छुक जिल्ला प्रतिनिधिले संघको ईमेल आई डि.मा मिति २०७७ पुस २८ गते ११:०० बजेभित्रमा पठाई सक्नुपर्नेछ ।

**सम्पर्क नं. ०२३-५४६६८५, ९८४४६०६८९२, ९८५२६७२९७९,**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।





## निमन्त्रणा

हाम्रा प्रात : स्मरणीय पति/पिता **गणेशप्रसाद पोखरेल**को यही पुस १५ गते बुधबारका दिन निधन भएको र यही मिति २०७७ पुस २७ गते सोमबार १३ औं दिनको पुण्यतिथिमा शुद्धशान्तिको कार्यक्रम रहेकाले पितृ प्रसाद ग्रहणका लागि पाल्नु हुन हार्दिक अनुरोध गर्दछौं ।

स्थान : निजी निवास, कनकाई-७, दुर्गापुर ।
मिति : २०७७ पुस २७ गते सोमबार । समय : दिनको ११ बजेदेखि

भवदीय

पत्नी : देवीमाया पोखरेल
छोराहरु : राजेन्द्रकुमार पोखरेल, निर्माण पोखरेल, दिनेश पोखरेल, डा. फाल्गुनी पोखरेल एवम्
**समस्त पोखरेल परिवार**, कनकाई नगरपालिका-७, दुर्गापुर (झापा)


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# महामारीको त्रास बढेको बढ्यै

कोरोना भाइरसको पहिलो संक्रमणको जोखिम घट्दै गएका बेला छिमेकी देश भारतमा बर्ड फ्लूको त्रास बढेको छ । यसअघि बेलायतमा पहिचान भएको नयाँ प्रजातिको कोरोना भारतसम्मै आइपुगेको थियो । नयाँ प्रजातिको भाइरस पहिचान भएलगत्तै अन्तर्राष्ट्रिय उडानहरुसहित बन्दाबन्दी गरेको बेलायतमा नयाँ आतंक शुरु भएको छ । यो बेलायतदेखि भारतसम्मका सैंतीस देशमा फैलिसकेको भन्दै विज्ञहरुले लापरवाही र बेवास्ता गर्ने हो भने यसलाई नियन्त्रण गर्न नसकिने बताएका छन् । यही समय भारतको हिमाञ्चल, केरला, मध्यप्रदेश लगायतका राज्यमा बर्ड फ्लूको आशंकामा हजारौं पंक्षी मारिएका छन् । ती राज्यहरुमा काग, बकुल्ला र सुगाहरु ठूलो संख्यामा मरेको पाइएपछि बर्ड फ्लूको आशंकामा कुखुरा, हाँस जस्ता घरपालुवा पंक्षी मार्न थालिएको हो ।

बर्ड फ्लूको आशंका गरिएका राज्यहरुका छिमेकी राज्य गुजरात, राजस्थान, हरियाणामा पनि सरकारले निगरानी बढाउँदै रुघाखोकी र ज्वरो आएका मानिसको जाँच गर्न थालेको छ । विगत एक वर्षदेखि कोरोना भाइरससँग युद्ध लड्दै आएको भारतलाई नयाँ प्रजातिको कोरोना चुनौति रहेका बेला बर्ड फ्लू महात्रास बनेर आएको छ । यो भन्दा ठूलो त्रास भारतसँग तीनतिरबाट जोडिएको र खुल्ला सीमाना भएका कारण नेपाललाई पर्नु स्वभाविक हो । यही त्रासका बीच जनस्वास्थ्यविद् डा. रवीन्द्र पाण्डेले नयाँ प्रजातिको भाइरस अघिल्लोको तुलनामा सत्तरी प्रतिशत बढी सर्न सक्ने भन्दै जनस्वास्थ्यको मापदण्डलाई बेवास्ता नगर्न सुझाएका छन् । डा. पाण्डेले घरको खाना खान, घाममा बस्न, जाडोमा दिउँसो व्यायाम गर्न, तनाव नलिन, राति ८ घण्टा सुत्न, फलफूल खान सुझाव दिएका छन् ।

भारतमा देखिएका नयाँ कोरोना र बर्ड फ्लू नेपालमा भित्रिने सम्भावना उच्च रहेको छ । सम्पूर्णरुपमा भारत आश्रित हाम्रो जीवन खुल्ला सीमाना र आवागमनले जोखिम उच्च रहेको हो । त्यसैले पनि संक्रमणग्रस्त क्षेत्रबाट नेपाल भित्रिने ठाउँमा उच्च सतर्कता अपनाउन जरुरी छ । आउ–जाउ गर्नेहरुको पहिचान, परीक्षण, क्वारेन्टाइन र आइसोलेसनलाई कडैका साथै नियमित गराउनु पर्दछ । त्यसका लागि हाम्रा चेकपोष्टहरु, नाकाहरु, सीमा गौंडाहरुमा सरकारका तर्फबाट उच्च निगरानी हुनुपर्दछ । सरुवा रोगकै क्षेत्रमा क्रियाशील शुक्रराज सरुवा रोग अस्पतालका डा. अनुप बाँस्तोलाले यसबेला सुरक्षाका मापदण्ड तोडिन थालेको प्रति चिन्ता प्रकट गर्दै हेलचेक्र्याइँ नगर्न सल्लाह दिएका छन् । सरकारका तर्फबाट पनि चुस्त निगरानी गर्न, परीक्षण बढाउन र उपचारमा विशेष प्रबन्ध गर्नुपर्ने उनको सुझाव छ । महामारीको बढ्दो त्रासका बीच हामी कहाँ बढेको राजनीतिक अस्थिरताले आउन सक्ने गम्भीर अवस्थाप्रति सचेत नहुने हो भने कसैको जीवन सुरक्षित हुनेछैन ।

# राजनीति र नागरिक समाजको जवाफदेहिता



विष्णुप्रसाद खरेल

संविधानको ब्याख्या भइरहेको छ। संविधान भत्काइयो भन्नेहरुको जमाती तर्क र संविधानको रक्षा गर्ने कदम चालियो भन्नेहरुका तर्कहरुले देश तरंगित छ। नेपालमा मात्र होइन नेपालका बारेमा चासो राख्ने विश्वभरका मुलुक र नागरिकहरु पनि यो बहसमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सामेल हुन थालेका छन्। नेपालमा त सडक, चिया पसल, सार्वजनिक स्थल होस् वा पारिवारिक भेटघाट होस् यही बहसले प्रवेश पाएको छ। पक्ष र विपक्षमा उठिरहेका तर्कहरुले अहिलेको चिसो मौसममा पनि गर्मी पैदा गरेको छ। संसद विघटन गर्ने पक्ष होस् वा संसद विघटन गर्न हुँदैन भन्ने पक्ष होस् सबैले अहिलेको अवस्था आउनु दुर्भाग्यपूर्ण नै भनेका छन्। तर, कसैले पनि यो दुर्भाग्यको कारण र कारकको खोजी गर्न चाहिरहेका छैनन्।

राजनीतिमा राजनीतिक पक्षधरहरु विवेक गुमाएर आफ्नो दल र नेताको बचाउमा लाग्छन्। लागेकै पनि छन्। यसलाई दलीय राजनीतिक चिन्तन हो भनेर सबैले स्वभाविक रुपमा लिने गर्दछन्। यो दलीय राजनीतिक चरित्र पनि हो। समाजमा एउटा अर्को पनि पक्ष छ। त्यो हो स्वतन्त्र नागरिक समाज। नागरिक समाज आफैंमा स्वतन्त्र रहन्छ र उसले प्रवाह गर्ने विचारहरु राजनीतिभन्दा माथि र राजनीतिकभन्दा प्रभावकारी हुने गर्दछन्। त्यसैले पनि हरेक महत्वपूर्ण घटनाहरुमा नागरिक समाज के भन्छ भनेर चासोका साथ हेर्ने गरिन्छ।

यस स्तम्भकारलाई सम्झना छ, जतिखेर तात्कालिन राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासनको शुरुवात गरे, त्यो बेला राजनीतिक दलहरुले ठूला आन्दोलन गर्न सकेनन्। राजनीतिक दलहरुमाथिको जनताको विश्वास डगमगायो। नागरिकहरुले दलहरुका कुरामा विश्वास गर्न सकेनन्। शासकीय सत्ता सञ्चालन गर्दा देखिएको राजनीतिक दलहरुको आचरण, व्यवहार र कार्यकुशलताबाट नागरिकहरुमा दलहरुप्रति बैराग्यता पलाएकै हो। फलस्वरुप, राजा ज्ञानेन्द्रले चालेको गलत कदमप्रति आम नागरिक तह मौन देखियो। दलहरुले सञ्चालन गर्ने आन्दोलनहरु खिनौटा देखिए। दलहरु भित्रै नैराश्यता देखियो। जतिखेर विभिन्न चरणका आन्दोलनवाट खारिएका दलहरु शिथिल बने, त्यो बेला नागरिक समाजका अगुवाहरुले राजाको कदमका विरुद्धमा आन्दोलन शुरु गरे। नागरिक अगुवाहरुले बोलेका कुराहरुले आम जनतालाई आकर्षित गर्‍यो। विस्तारै जनताको जागरुकता बृद्धि हुन थाल्यो। फलस्वरुप, २०६२/०६३ को आन्दोलन निर्णयक चरणमा पुग्यो। संविधान सभाको निर्वाचन भयो। हामी गणतान्त्रिक व्यवस्थामा प्रवेश गर्‍यो। यस चरणको आन्दोलनमा नागरिक समाजको प्रभाव कति महत्वको हुन्छ भन्ने प्रमाणित गरिदियो।

नेपालमा भएका राजनीतिक दलहरुका अभ्यासहरुले जनताको तहमा एउटा चेतना पलाएको छ। नेपालको विकास र समृद्धिको बाधक भनेको राजनीतिक अस्थिरता नै हो भन्ने चेतना। राजनीतिक स्थिरताकै खोजीमा नागरिकहरुले पहिलो संविधान सभाको चुनावमा माओवादीलाई भोट हाले। धेरै मतदाताहरुले भन्ने गरेको सुनिएकै हो 'चोरका हातमा चाबी दिएपछि त चोरी हुँदैन'। नेपालको राजनीतिमा सबैभन्दा अस्थिर, अवसरवादी र आतंककारी छवि बनाएको माओवादीको ज्यादतीबाट दिक्क भएका नागरिकहरुले उसैलाई शक्तिशाली बनाएपछि स्थिरता आउँछ भन्ने विश्वास गरे। त्यो पनि सम्भव देखिएन। सत्ता लिप्सा र शक्तिको अधिकतम् दुरुपयोग देखिन थालेपछि आम नागरिकले दोश्रो संविधा सभाको चुनावमा माओवादीलाई उसको वास्तविक हैसियतमा पुर्‍याएरै छाडे। अर्थात्, माओवादीवाट यो देशको विकास, समृद्धी र शान्तिपूर्ण सुसंस्कृत समाजको निर्माण सम्भव छैन भन्ने जनमतबाट फैसला गरियो।

पहिलोबाट खुम्चिएर तेश्रो स्थानमा पुगेको माओवादी दुई ठूला दलहरुको 'ढाडमा टेकेर टाउकामा हान्ने' खेलमा सामेल भयो। कहिले नेपाली कांग्रेससँग त कहिले एमालेसँगको गठबन्धन बनाएर राजनीतिलाई निरन्तर अस्थिर बनाएको सबैले अनुभूत गरेकै विषय हो। माओवादीको अवसरवादी चरित्रको शिकार नेपाली कांग्रेस पनि भएकै हो। गत आम निर्वाचनमा माओवादीलाई उपयोग गर्दै आफू शक्तिशाली हुने होडमा नेपाली कांग्रेसले गरेका गलत राजनीतिक निर्णयहरुको फहरिस्त पनि लामै छ। सबैभन्दा भद्दा र पचाउनै नसकिने निर्णय त भरतपुर नगरपालिकामा आफ्नो वर्चस्व हुँदाहुँदै प्रचण्ड पुत्री रेनु दाहाललाई समर्थन गरेर नेपाली कांग्रेसले गरेको उपयोगवादी नीति प्रष्ट देखिएकै हो।

माओवादीलाई आफूतिर आकर्षित गर्न सके संविधान निर्माणपछिको सरकार आफू बनाउन सकिन्छ भन्ने राजनीतिक दाउपेचलाई अन्त्यमा एमालेका अध्यक्ष केपी ओलीले उछिने। यही दाउपेचको पृष्ठभूमिमा एमाले र माओवादीको संयुक्त मोर्चा तयार भयो। उनीहरुको गठबन्धनले राजनीतिको मोड नै बदलियो। उक्त गठबन्धनपछिको संघ, प्रदेश र स्थानीय तहको निर्वाचनको परिणामले राजनीतिक स्थायित्वको संकेत दियो। दुई ठूला कम्युनिष्ट पार्टीको एकता उक्त विचारका पक्षधरहरुका लागि मात्र होइन मुलुकको राजनीतिक स्थिरता, दिशानिर्देश, समृद्धि र विकासका लागि कोशेढुंगाका रुपमा देखिएकै हो। लामो समयदेखि राजनीतिक अस्थिरताको चपेटामा परेका आम नागरिकहरुमा एउटा विश्वास पलाएकै हो। तर, यो पनि लामो समय टिक्न सकेन। परिणाम स्वरुप संसद विघटन भयो।

आज हामी संसद विघटन ठीक र बेठिक भनेर बहस गरिरहेका छौं। तर, दलहरुले किन राजनीतिक स्थिरता दिन सकेनन् ? दल र दलका नेताहरु कै कारण किन नागरिकहरुको विश्वासमाथि बारम्बार खेलबाड गरिन्छ ? किन पटक-पटक जनमतको बध गरिन्छ ? यस्तो कार्यका लागि को-को जिम्मेवार छन् ? कसको भूमिकाले पटक-पटक मुलुक राजनीतिक अस्थिरताको शिकार भइरहन्छ ? खोई त यो बहस भएको ? आजको परिणाम आउनुमा भूमिका तयार गर्नेहरुको खोजी नागरिक तहबाट गरिनु पर्दैन ? हो, कुनै पनि राजनीतिक दलहरुको अन्तरपार्टी विवाद उसको निजी मामला होला, तर उसको आन्तरिक विवादले मुलुक नै दिशाविहीन हुन्छ भने नागरिक समाजले त्यस्ता आन्तरिक बहसमा प्रवेश गर्ने कि नगर्ने ? बोल्ने कि नबोल्ने ? पार्टीको आन्तरिक विषयमा चासो राख्नुहुन्न भन्ने सोच कायम भइरहँदा आज दलहरुका निर्णय र नेताहरुका आन्तरिक स्वार्थले मुलुकले सजाय भोग्नु परिरहेको छ। नागरिक समाजले यसको हेक्का राख्ने कि नराख्ने ?

अहिले नागरिक समाज पनि विभाजित भएको छ। संसद विघटनको पक्ष र विपक्षमा उभिएका नागरिक समाजका अगुवाहरु यसका कारणभन्दा परिणाममा रुमल्लिएर बहस गरिरहेका छन्। लोकतन्त्रको अभ्यासमा दलभित्रको अर्घेल्याई र जुँगाको लडाइले आज मुलुकले दुर्भाग्य व्यहोरी रहेको छ। यो स्तम्भकार पनि संसद विघटन गर्नेहरुको पक्षधर बन्न सक्दैन। तर, प्रधानमन्त्रीले हुँदाखादाको संसद विघटन गर्नुपर्ने बाध्यता तयार गर्नेहरु प्रधानमन्त्री केपी ओलीभन्दा कम दोषी होइनन्, उनीहरुलाई पनि नागरिक समाजले कठोर सजाय दिनुपर्छ भन्ने दृढता हामीमा पलाउन नसकेको प्रति यो स्तम्भकार चिन्तित भने भएको छ।




नेपालमा हरेक राजनीतिक घटनाक्रमले एउटा-एउटा शिक्षा दिएको छ। यस पटकको राजनीतिक घटनाक्रम पनि सामान्य छैन। नेकपाका कतिपय क्रियाकलापले लोकतान्त्रिक गणतन्त्र नै धरापमा पर्ने हो कि भन्ने चिन्ता पलाएको छ। एउटा दलभित्रको आन्तरिक कलहले सिंगो राजनीतिक प्रणाली नै धरापमा पर्दछ भने त्यस्ता क्रियाकलापलाई रोक्न नागरिक समाजले हस्तक्षेप गर्ने कि नगर्ने ? खबरदारी गर्ने कि नगर्ने ? उनीहरु भित्रको गुण र दोशको विवेचना गर्दै उनीहरुलाई नागरिक तहबाट खबरदारी गर्ने कि नगर्ने ? यस घटनापछि यस्ता प्रश्नहरु उठेका छन्। यो स्तम्भकारको निष्कर्ष के हो भने हरेक पटक राजनीतिक दलहरु भित्रका आन्तरिक कलहले मुलुकले दुर्भाग्य व्यहोर्नु परेको छ। त्यसैले अबका दिनहरुमा राजनीतिक दलभित्रका नेताहरुको आचरण, व्यवहार, विचार र कार्यशैलीका साथै मुलुकको विकास र समृद्धिप्रतिको उनीहरु सोच र इमान्दारिताको निगरानी गर्दै नागरिक तहवा उनीहरुप्रति खबरदारी गरिरहनु पर्दछ। यस्ता विषयहरुलाई पार्टीको आन्तरिक मामिला हो भनेर पन्छिन मिल्दैन। यसो गरिएन भने न नेता सुध्रिन्छन्, न त देश नै।

## माघ ५ गतेबाट शैक्षिक हड्ताल

**भद्रपुर, पुस २३।** संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) भद्रपुर नगर समितिले भद्रपुर नगर क्षेत्रका संस्थागत विद्यालयहरूले विभिन्न बहाना बनाएर शिक्षक तथा कर्मचारीहरूको तलब नदिएको प्रति खेद प्रस्ताव पारित गर्दै माघ ५ गतेबाट अनिश्चितकालीन शैक्षिक हड्ताल गर्ने निर्णय गरेको छ ।

युनियन नगर समितिका अध्यक्ष द्रोण अधिकारीको अध्यक्षतामा बसेको बैठकले शैक्षिक सत्र २०७७ सालको ९ महिना पूरा हुन लाग्दा समेत शिक्षक, कर्मचारी, चालक तथा सहचालकहरूलाई पूर्ण पारिश्रमिक नदिइ विद्यालय सञ्चालकहरूले झारो टार्ने प्रयास गरिरहेको प्रति खेद प्रकट गरेको छ ।

बैठकले गरेको निर्णयमा २०७७ जेठ ५ गते भद्रपुर नगरपालिकाको कार्यालयमा प्याव्सन, एनप्याब्सन भद्रपुर नगर समितिले संस्थागत विद्यालय शिक्षक युनियन भद्रपुर नगर समितिसँग गरेको सहमति २०७७ पुसको अन्तिम सातासम्म आइपुग्दा पनि कार्यान्वयनको चरणमा पुग्न नसकेको प्रति गम्भीर ध्यानाकर्षण भएको बताइएको छ ।

नगर सरकार जस्तो जिम्मेवार निकायमा आएर सहमति गर्ने कार्यान्वयनका चरणमा नगरपालिका जान्दछ भनेरपछि हट्ने संस्थागत विद्यालयका सञ्चालकहरूलाई कानूनी दायरामा ल्याएर नीति र विधिमा चल्ने वातावरण बनाइ दिन बैठकले अनुरोध समेत गरेको छ ।

यसैगरी बैठकले माघ ५ गते संस्थागत विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी, चालक, सहचालकको सम्युक्त नगर भेला सम्पन्न गरी थप कडा आन्दोलन चर्काउने निर्णय गरेको छ । आन्दोलन परिचालनका लागि उपाध्यक्ष विदुर ढुंगानालाई संयोजक बनाइएको छ भने अन्याय बिरूद्ध न्यायिक लडाइका लागि प्रदेश सहसचिव राजु वराललाई जिम्मेवारी तोकेको छ ।

## बालिका मण्डललाई सहयोग

**बिर्तामोड, पुस २३।** स्वस्थ समाजका लागि सामाजिक अभियान झापाले कन्काई नगरपालिका बडा नं. ५ हनुमानचोक मण्डल बस्तीकी तीन वर्षीया प्रिती मण्डललाई ४० हजार रुपैयाँ सहयोग गरेको छ ।

अभियानका संयोजक तथा गायक गणेश ढुंगानाको अध्यक्षतामा भएको कार्यक्रममा निर्माण व्यवसायी शेरबहादुर थापा, पीए नेपालका झापा शाखा संयोजक जगतबहादुर रानामगर, नेपाल लाइफ इन्स्योरेन्स झापाकी एजेन्सी मेनेजर सुनिता धिमाल, व्यवसायी वीरेन्द्र उदास, नेपाली कांग्रेस कनकाई-५ का वडा सभापति रमेशचन्द्र दाहाल, उमा तिम्सिना, भुपालमान कार्की, कुमारमणि पोखेल, त्रिलोचन चिमरिया लगायतले मण्डललाई उक्त सहयोग हस्तान्तरण गरेका थिए । उनको पालनपोषण र शिक्षाका लागि उक्त रकम प्रितिका पिता गणेश मण्डललाई



हस्तान्तरण गरेका थिए ।

मण्डलले आफूसँग भएको जग्गाजमिन र एउटा ट्याक्टर समेत बिक्री गरेर आफ्नी श्रीमती सीता मण्डलको क्यान्सरको उपचार गरेता पनि उनलाई बचाउन नसकिएको र उनको उपचारमा आफूसँग भएको जायजेथा सकिएपछि अभियान समक्ष सहयोगको अपिल गरिएको बताए । कार्यक्रमको सहजीकरण सञ्चारकर्मी रञ्जित परियारले गरेका थिए ।

## 'राप्रवि' इकाई

**भद्रपुर, पुस २३।** कचनकवल गाउँपालिका-२ सुकुनाडिगीस्थित लक्ष्मीप्रसाद देवकोटा माध्यमिक विद्यालयमा रोशनी सापकोटाको अध्यक्षतामा राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी इकाई कार्य समिति गठन गरिएको छ ।

संठनका केन्द्रीय सदस्य मुन्ना आलमको अध्यक्षता तथा राप्रपा कचनकवल गाउँ समितिका अध्यक्ष रवी ओझाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा ५१ सदस्यीय समिति गठन गरिएको हो ।

नवगठित समितिको उपाध्यक्षमा करण राजवंशी, रोशन गौतम र सोनीका भट्टराई, सचिवमा गणेश पौडेल, सह-सचिव नास्रीन बेगम, कृष्णा नेपाल र प्रतिमा थापा र कोषाध्यक्षमा विराट राजवंशी चयन भएका छन् । कार्यक्रममा विद्यार्थी नेता विकास घिमिरे, सुरज शाह, टीकाराम भट्टराई, उद्धव राजवंशी लगायतले विद्यार्थी संगठनले गर्नुपर्ने काम र कर्तव्यको बारेमा जानकारी दिएका थिए ।

## सृजनशील साकोस र ग्लोबल कृषि सहकारीबीच एकीकरण



**बिर्तामोड, पुस २३।** बिर्तामोड-१ मा रहेको सृजनशील बचत तथा ऋण सहकारी संस्था र बिर्तामोड-५ मा रहेको ग्लोवल कृषि सहकारी संस्थाबीच एकीकरण भएको छ ।

बिहीबार भएको संयुक्त साधारण सभाले संस्था एकीकरणको घोषणा गरेको हो । सृजनशीलका अध्यक्ष डम्वर विमली र ग्लोवलका अध्यक्ष रमेश थापाको संयुक्त अध्यक्षता तथा झापा जिल्ला सहकारी संघ लिमिटेडका सचिव युवराज ढकालको प्रमुख आतिथ्यमा संयुक्त साधारणसभा गरिएको हो ।

दुई सहकारीबीच एकीकरण गरेसँगै सृजनशील बचत तथा ऋण सहकारी संस्था बिर्तामोड-१ को नामबाट कारोबार शुरु गरिएको बताइएको छ ।

सहकारी संस्था एकीकरण पछि संस्थाको शेयर पुँजी एक करोड ८३ लाख ९५ हजार सात सय रुपैयाँ, निक्षेप संकलन पाँच करोड ९७ लाख ५४ हजार चार सय १८ रुपैयाँ, ऋण लगानी सात करोड ३३ लाख ५८ हजार रुपैयाँ, जगेडा कोषमा ६३ लाख ९९ हजार रुपैयाँ रहेको वित्तिय विवरण सिर्जनशीलका अध्यक्ष विमलीले प्रस्तुत गरेका थिए ।

एकीकरण पछि डम्बर विमलीको अध्यक्षतामा नयाँ सञ्चालक समिति गठन गरिएको छ। समितिको उपाध्यक्ष गंगाराम ढकाल, सदस्यहरुमा तारा विमली, भिमप्रसाद विमली, इन्द्र शिवाकोटी, रोशन वस्नेत, सन्तकुमार जमरकट्टेल (सुमन), बालकुमार कटुवाल, इन्दिरा थापा रहेका छन् ।

त्यस्तै लेखा समितिको संयोजकमा नारायण ओझा र सदस्यहरुमा राजेन्द्रकुमार पोखरेल, सविताकुमारी न्यौपाने रहेका छन् । सजिलो बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सुरेश ढकालको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन सृजनशील बचत तथा ऋण सहकारी संस्थाकी व्यवस्थापक तारा निरौला ढकालले गरेकी थिइन् ।


## यलम्बर टाइम्सको भवन शिलान्यास

**अर्जुनधारा, पुस २३।** यलम्बर टाइम्स साप्ताहिकको नवनिर्मित भवन शिलान्यास भएको छ। अर्जुनधारा-७ रमाइलो बस्तीस्थित लालुचोकमा निर्माण गरिने भवनको बुधबार शिलान्यास गरिएको हो ।

नेपाली कांग्रेस केन्द्रीय सदस्य तथा पूर्वमन्त्री केशवकुमार बुढाथोकी, अर्जुनधारा नगरपालिकाका प्रमुख हरिकुमार राना र नेपाली कांग्रेस झापाका सभापति उद्दव थापाले भवनको शिलान्यास गरेका थिए ।

यलम्बर टाइम्सका संरक्षक माइली राईनीको सभापतित्वमा भएको कार्यक्रममा वडाध्यक्ष नवीन ढुंगाना, अग्रज पत्रकारद्वय कृष्ण हुमागाँई, मोहन काजी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

समावेशी सूचना केन्द्रबाट सञ्चालित यलम्बर टाइम्स साप्ताहिक, यलम्बर टाइम्स अनलाइन खबर र यलम्बर टाइम्स अनलाइन टिभी सञ्चालानार्थका लागि भवन निर्माण हुन लागेको यलम्बर टाइम्सका



सम्पादक दिपीन राईले बताए ।

विगत १३ वर्षअघिबाट ग्रामीणमुखी समाचारलाई प्राथमिकता दिँदै प्रकाशित हुँदै आएको पत्रिकाको नवनिर्मित भवन तीन कोठाको रहने बताइएको छ । यलम्बर टाइम्स सहसम्पादक तथा यलम्बर अनलाइनका सम्पादक राजन साम्पाङ राईले स्वागत गरेको कार्यक्रमको सञ्चालन सम्पादक राईले गरेका थिए ।

